Funded by

USAID
अमेरिकी जनताबाट

BILL & MELINDA GATES foundation

Partners

CIMMYT
International Maize and Wheat Improvement Center

IFPRI

IRRI

CSISA

# गहुँ उत्पादन बढाउन केही उपयोगी जानकारीहरू

## १. जातको छनोट

**गहुँको जात छनौट गर्दा सो क्षेत्रको लागि सिफारिस गरिएको सबैभन्दा सुहाउँदो र बढी उत्पादन दिने जात नै छान्नु पर्दछ ।**

**नेपालको तराई र मध्य पहाडी क्षेत्रका लागि सिफारिस गरिएका गहुँका जातहरू**

| तराई | | | मध्य पहाड | | |
|---|---|---|---|---|---|
| जात | पाक्ने दिन | उत्पादन (टन/बिघा) | जात | पाक्ने दिन | उत्पादन (टन/बिघा) |
| गौतम | ११९ | २.२७ | डाँफे | १६५ | ३.३ |
| भृकुटी | १२० | ३.३३ | डब्लु के १२०४ | १७० | २.२६ |
| विजय | ११६ | २.९७ | धौलागिरी | १५६ | २.८३ |
| आदित्य | ११८ | ३.१९ | अन्नपूर्ण–३ | १६५ | ३.६६ |
| एन एल ९७१ | १२२ | ३.०२ | अन्नपूर्ण–४ | १६१ | ३.३३ |
| तिलोत्तमा | १२० | ३.३ | स्वर्गद्वारी | १५६ | ३.६७ |
| बाणगंगा | ११८ | ३.६७ | मुनाल* | १६५ | ४.० |
| बि एल ४३४१* | ११६ | २.९३ | च्याखुरा* | १६० | ३.६७ |

*स्रोतः सुचिकृत जातहरू (राजपत्र २०७१/७२), राष्ट्रिय गहुँ बाली अनुसन्धान कार्यक्रम/नार्क*

** पूर्व सिफारिश*



## २. गहुँ रोप्ने समय र बीउको मात्रा

### रोप्ने समय

- गहुँ समयमै (कार्तिकको अन्तिम हप्ता देखि मंसिरको दोस्रो हप्ता सम्म) लगाउनु अति आवश्यक हुन्छ । खास गरी तराईमा गहुँ ढिलो छर्दा पाक्ने समयमा पश्चिमी तातो हावाको असरबाट उत्पादनमा कमी आउँछ ।
- ढिलो रोप्नु परेको खण्डमा छिटो पाक्ने जातहरू ***जस्तै गौतम, विजय, आदित्य, बाणगंगा, बी एल ४३४१ आदि*** लगाउनु पर्दछ ।
- ढिलो पाक्ने जातहरू जस्तैः भृकुटी, तिलोत्तमा, एन एल ९७१, मंसिर १५ भन्दा पछि लगाएमा उत्पादनमा प्रतिदिन सरदर ३० के जी/बिघासम्म घट्छ । मंसिर भन्दा पछि यी जातहरू लगाएमा उत्पादनमा अझ बढी कमी हुन्छ ।

### समयमा गहुँ लगाउन निम्न कुरामा ध्यान दिनु पर्दछ

- मध्यम खालको उर्बरा शक्ति भएको जमिनमा छिटो पाक्ने खालका धानका जात जस्तैः राधा–४ लगाउने ।
- धान बालीलाई मेसिनबाट काट्ने चुट्ने वा कम्बाइन हार्वेस्टर प्रयोग गरेर जमिनलाई सक्दो चाँडो खाली गर्ने ।
- जिरो टिलेज सीडड्रिल प्रयोग गरी वा खनजोत नगरी (चित्र १) सिधै गहुँ रोपेमा जमिन तयारी गर्ने समय र जोत्ने खर्च बचाउन सकिन्छ ।
- जमीन धेरै चिसो छ भने, नजोतिकनै सिधै हातले तथा हाते ट्र्याक्टरबाट चल्ने सिडड्रिल प्रयोग गरेर गहुँ छर्न सकिन्छ ।

### बीउको मात्रा र अन्य जानकारी

- उमार शक्ति ८५% भन्दा बढी भएको गुणस्तरीय बीउ प्रयोग गर्नु पर्दछ ।
- माटोमा उपयुक्त चिस्यान (जस्तैः **माटो हातमा राखी मुट्ठी पर्दा डल्लो पर्ने अवस्था**) भएको बेलामा गहुँ छर्नु पर्दछ ।
- बीउ छर्दा ५ के जी प्रति कट्ठा का दरले छर्नु पर्दछ । यदि मंसिर १५ पछि गहुँ रोप्न १–२ हप्ताले ढिला भएमा, ६ के जी/कट्ठा का दरले बीउ छर्नु पर्दछ । अझ ढिला भएमा ७ केजी प्रति कट्ठाका दरले बीउ छर्नु पर्दछ ।

***नोट***
- ***ठुलो दाना भएका जातहरू : विजय, धौलागिरी, बाणगंगा, स्वर्गद्वारी, बी एल ४३४१ का बीउ ६ के जी/कट्ठाका दरले छर्नु पर्दछ ।***
- ***सामान्यतया राम्रो उत्पादनको लागि प्रति वर्ग मिटरमा ३५०–४०० बोट हुनु पर्दछ ।***
- ***रोग किरा लग्न नदिन भाइटाभेक्सले (२ ग्राम/के जी) उपचार गरेको बीउ प्रयोग गर्नु पर्दछ ।***

## ३. गहुँ रोप्ने तरिका

- राम्रोसँग तयार गरिएको जग्गामा बीउ एकनासले हातैले वा मलबीउ छर्ने हाते मेशिन (चित्र २) प्रयोग गरि बीउ छर्न सकिन्छ । तथा ट्र्याक्टरले तान्ने बीउ छर्ने मेसिनको (सीडड्रिले) सहायताले लाइनमा बीउ छर्न सकिन्छ (चित्र १) ।
- उपयुक्त चिस्यान छ र झारको प्रकोप कम छ भने विना खन जोत जिरोटिलेज सीडड्रिल मेसीनले बीउ छर्न सकिन्छ (चित्र १) ।
- जमिन धेरै चिसो भएमा सोझै हातैले वा मल बीउ छर्ने हाते मेसिन प्रयोग गरी गहुँ छर्ने ।



*चित्र १ : सीड ड्रिलद्वारा लाइनमा गहुँ लगाउँदै*



*बाँझो खेतमा सीड ड्रिलबाट लगाइएको गहुँ*

## ४. मलखाद व्यवस्थापन

एकनासले मल तथा बीउ छर्नको लागि हाते मेसिन (चित्र २) को प्रयोग गर्न सकिन्छ । राम्रो उत्पादनको लागि तल टेबलमा दिए अनुसार मलखाद प्रयोग गर्नु पर्दछ ।



*चित्र २: एकनासले मल तथा बीउ छर्ने हाते मेशिन*

### सिंचित र असिंचित क्षेत्रको लागि रासायनिक मलको मात्रा

| मल छर्ने बेला | रासायनिक मल | सिंचित क्षेत्र (केजी/कठ्ठा ) | | असिंचित क्षेत्र (केजी/कठ्ठा ) |
|---|---|---|---|---|
| | | चिम्ट्याइलो माटो | मध्यम माटो | |
| बीउ छर्ने बेला | यूरिया | ३ | २ | ३.५ |
| | डीएपी | ३.६ | ३.६ | २.२ |
| | पोटाश | २.८ | २.८ | १.१ |
| छरेको २०–२५ दिनमा | यूरिया | ३ | २ | × |
| छरेको ४०–४५ दिनमा | यूरिया | × | २ | × |

*स्रोतः राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रम, नार्क र सिसा/सिमिटको अनुसन्धानमा परिमार्जित*

## ५. झारपात व्यवस्थापन


खेतबारीमा झारपातले पानी, सूर्यको किरण र मलखादको लागि प्रतिस्पर्धा गरेर गहुँको उत्पादनमा ह्रास गराउँछ (चित्र ३) । तसर्थ झारपातको बीउ नमिसिएको गहुँको बीउ प्रयोग गर्नु पर्दछ ।



*चित्र ३: मामा झार संक्रमित गहुँ वाली*

### झारपात नियन्त्रण गर्न निम्न कुरामा ध्यान दिनु पर्दछ


- उचित समयमा झारपात व्यवस्थापन नगरेको खण्डमा गहुँको उत्पादनमा २०–४०% ले कमि आउन सक्छ ।
- बालीको शुरुको अवस्थामा नै झारपात नियन्त्रण गर्नु पर्दछ ।
- बढी मात्रामा झारपात देखिएमा झारनाशक विषादी प्रयोग गर्नु पर्दछ ।
- चौडा पाते झार जस्तै बेथेको प्रकोप भएमा २,४–डी (सोडियम साल्ट, ८०%) गहुँ छरेको ३०–३५ दिन भित्र २ ग्राम प्रति लिटर पानीका दरले घोल बनाई छर्नु पर्दछ ।
- घाँसे झार जस्तै ***गहुँको मामा झार***, ***जंगली जै*** आदि नियन्त्रण गर्न लिडर (सल्फोसलफिउरोन) विषादी छर्नु पर्दछ । उक्त विषादी विभिन्न प्याकमा आउने हुनाले यसलाई प्रयोग गर्दा उक्त प्याकेटमा उल्लेख गरिएको निर्देशन अनुसार प्रयोग गर्नु पर्दछ ।
- विषादी छर्दा सधै फ्लाट फेन नोजल (चित्र नं. ४) नै प्रयोग गर्नुपर्छ ।
- सामान्यतया १ कठ्ठा मा २० लिटरको घोल आवश्यक पर्दछ ।
- विषादी छर्दा सधैं सुरक्षा पहिरन जस्तैः पन्जा, चश्मा, ऐप्रोन, बुट अनिवार्य रूपमा प्रयोग गर्नुपर्छ ।



*चित्र ४: फ्लाट फेन नोजल*

## ६. सिंचाई व्यवस्थापन

- माटोको चिस्यानको अवस्था अनुसार गहुँ बालीलाई २–५ पटक सम्म सिंचाई आवश्यक पर्दछ (चित्र ५) ।
- मूल जरा आउने समय, गांज हाल्ने बेला र फूल फुल्ने समयमा, माटोमा चिस्यानको कमी भएमा उत्पादनमा ह्रास आउँछ ।
- मध्यम देखि बलौटे माटोमा सिंचाईको आवश्यकताबारे को जानकारी चित्र नं. ५ मा दिइएको छ ।
- जमिन सुख्खा छ भने, गहुँ छर्नु अघि सिंचाई दिनुपर्दछ ।




*चित्र ५: सिंचाईको लागि गहुँको महत्वपूर्ण अवस्थाहरू*

> ***नोट*** *: गहुँले धेरै पानी जमेको सहन नसक्ने हुँदा खेतमा पानी नजम्ने गरी सिंचाई गर्नु पर्दछ । यदि पानी जमेमा तुरन्त निकासको व्यवस्था गर्नुपर्दछ ।*

## ७. बाली काट्ने र चुट्ने

- गहुँको बाला पहेलो भएको अवस्था र दाना टोक्दा कुटुक्क आवाज आयो भने गहुँ काट्न तयार भयो भन्ने बुझिन्छ ।
- बाली काट्न ढिलाई भएमा दाना झर्न गई उत्पादनमा कमी आउँछ ।
- समयमै बाली थन्काउनको लागि काट्ने मेसिन जस्तै रिपर (चित्र ६) र थ्रेसर वा कम्बाईन हर्वेस्टर प्रयोग गर्नु पर्दछ ।
- दाना राम्रोसँग सुकाएर (दानामा ८–१०% चिस्यान भएपछि) मात्र भण्डारण गर्नुपर्दछ ।



*चित्र ६: रिपरबाट गहुँ काट्दै*

**यो सामग्री अमेरिकी सहयोग नियोग (USAID) द्वारा संचालित सिमिट (CIMMYT) को सिशा-नेपाल (CSISA-Nepal) परियोजना तथा राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रम (NWRP) ले संयुक्त रूपमा तयार गरिएको हो । विस्तृत जानकारीको लागि www.csisa.org**